राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३६ २०८२ भदौ ८ गते आईतवार (24 Aug. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## साउनमा एक खर्ब ४३ अर्बको आयात, २३ अर्बको निर्यात

दैनिक समाचारदाता
काठमाडौँ, ७ भदौ । चालु आर्थिक वर्षको पहिलो महिनामा रु एक खर्ब ६६ अर्ब ९७ करोड ३१ लाख बराबरको वैदेशिक व्यापार भएको छ ।




भन्सार विभागका अनुसार गत महिना रु एक खर्ब ४३ अर्ब चार करोड बराबरको आयात र रु २३ अर्ब ९३ करोड २४ लाख बराबरको निर्यात भएको हो । यो अवधिमा देशलाई रु एक खर्ब १९ अर्ब १० करोड ८२ लाख बराबर व्यापार घाटा भएको छ ।

गत आर्थिक वर्षको पहिलो महिनाको वैदेशिक व्यापारको तुलनामा चालु आर्थिक वर्षको सोहि अवधिमा आयात ११ दशमलव ४२ र निर्यात ९५ दशमलव ७५ प्रतिशतले बढेको छ । साउनमा छिमेकी मुलुक भारतसँग रु ८३ अर्ब ५३ करोड ९९ लाख बराबरको आयात र रु १९ अर्ब ४५ करोड २० लाख बराबरको निर्यात हुँदा मुलुकले रु ६४ अर्ब आठ करोड ७८ लाख घाटा व्यहारेको छ । चीनसँग रु २७ अर्ब ९९ करोड ६० लाख बराबरको आयात र रु पाँच करोड ४८ लाखको निर्यात गर्दा रु २७ अर्ब ९४ करोड १२ लाख बराबर व्यापार घाटा भएको छ । जर्मनी, अफगानस्तान, संयुक्त राज्य अमेरिका, रुस, बेल्जियम, नर्वेलगायत मुलुकसँग समीक्षा अवधिमा व्यापार नाफा भएको छ ।

साउनमा सबैभन्दा बढी आयात पेट्रोलियम पदार्थको भएको छ । विभागका अनुसार रु पाँच अर्ब ७७ करोड १४ लाख बराबरको पेट्रोल, रु पाँच अर्ब ८८ करोड ७७ लाखको डिजेल र रु चार अर्ब ६६ करोड ६४ लाख बराबरको एलपी ग्यास आयात भएको छ । देशमा रु १० अर्ब ८० करोड ९५ लाख बराबरको कच्चा सोयाबिन तेल, रु तीन अर्ब ४१ करोड ९२ लाखको स्मार्टफोन, रु एक अर्ब ७४ करोड ४८ लाखको मोटरसाईकल, रु तीन अर्ब सात करोडको फलामजन्य वस्तु र रु एक अर्ब ५२ करोड ६३ लाख बराबरको सुन आयात भएको छ । मुलुकबाट निर्यात भएका वस्तुमा भटमासको तेल पहिलो स्थानमा छ । साउनमा रु १० अर्ब ६९ करोड ५८ करोड बराबरको भटमासको तेल निर्यात भएको हो । समीक्षा अवधिमा प्लाईउड, फलफुल जुस, धागो, गलैंचा, अलैंचीलगायत उत्पादन निर्यात भएका हुन् ।

## भूमि विधेयकविरुद्ध जसपाको देशव्यापी आन्दोलन




दैनिक समाचारदाता
जनकपुरधाम, ७ भदौ । प्रतिनिधिसभामा प्रस्तुत भूमिसम्बन्धी विधेयकविरुद्ध जनता समाजवादी पार्टी (जसपा) नेपालले देशव्यापी आन्दोलन गर्ने भएको छ। जसपाले भदौ ९ देखि १५ गतेसम्म सबै तहका संगठनलाई आन्दोलनमा उतार्ने निर्णय गर्दै सर्कुलर पठाएको छ । जसपाका अनुसार प्रस्तावित भूमि विधेयक मुलुक र जनताको हितविपरीत छ। महासचिव लालबाबु राउतले शनिबार संगठनलाई पठाएको पत्रमा कठोर आन्दोलनका लागि तयार रहन निर्देशन दिएका छन्। उनले अवरोध भए प्रतिकार गर्ने तयारीसमेत गर्न आह्वान गरेका छन्। 'भू-माफिया र दलालको हितमा ल्याइएको यो विधेयकले वन-जंगल विनाश गर्ने र तराई-मधेसलाई मरुभूमि बनाउने खतरा छ,' जसपाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। पार्टीले संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट भदौ ५ गते पारित विधेयकलाई जनविरोधी भन्दै कडा आपत्ति जनाएको छ।

सरकारले राष्ट्रियहित विपरीत विधेयक अगाडि बढाएपछि जसपाको केन्द्रीय सचिवालय बैठकले आन्दोलन चर्काउने निर्णय गरेको हो। यसअघि नै जसपाले प्रतिनिधिसभामा १० बुँदे संशोधन प्रस्ताव पेस गर्दै विधेयक असंवैधानिक भएको दाबी गरेको थियो।

जसपा सांसद प्रकाश अधिकारीका अनुसार विधेयकले स्थानीय तह र प्रदेशको भूमिसम्बन्धी अधिकार संकुचन गरी भूमि अधिकार केन्द्रमा केन्द्रीकृत गर्न खोजेको छ। उनले भूमिको वर्गीकरण नीतिलाई पनि विधेयकले कमजोर पार्ने दाबी गरे। महासचिव रामकुमार शर्माले भने, 'भूमि विधेयक पारित भए मधेसका वन र नदी क्षेत्र बिचौलिया तथा अतिक्रमणकारीको हातमा पुग्नेछन्। यसले मधेसी जनतालाई आफ्नै भूमिमा अल्पसंख्यक बनाउने खतरा छ। जसपा कुनै हालतमा विधेयक पारित हुन दिँदैन।'

## वीरगञ्जमा झाडापखालाबाट दुईको मृत्यु

दैनिक समाचारदाता
वीरगञ्ज ७ भदौ । पर्सामा झाडापखालाको लक्षण देखापरेका दुई जनाको मृत्यु भएको छ। नारायणी अस्पताल वीरगञ्जका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार उपचारको क्रममा एक बिरामीको हैजाको परीक्षण गर्न नपाउँदै आज निधन भएको हो। यस्तै, वीरगञ्ज हेल्थ केयरमा उपचाररत अर्को बिरामीको शुक्रबार मृत्यु भएको बताइएको छ। स्वास्थ्य कार्यालयले झाडापखालाका कारण मृत्यु भए पनि हैजा थियो वा थिएन भन्नेबारे परीक्षण नतिजा आउन बाँकी रहेको जनाएको छ।यसबीच, जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समितिले हैजा र झाडापखालाका बिरामीका लागि वीरगञ्जका सबै अस्पतालमा 'डेडिकेटेड बेड' छुट्याएर उपचार गर्न निर्देशन दिएको छ। निमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीको अध्यक्षतामा बसेको बैठकले जनशक्ति व्यवस्थापन र उपचारका लागि विशेष तयारी गर्न आग्रह गरेको हो।

बैठकले झाडापखालाको रोकथामका लागि घरदैलो जनचेतनामूलक अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। साथै, सरसफाइ प्रवर्द्धनका लागि स्वास्थ्यकर्मी, स्वयंसेविका र सरोकारवाला निकायलाई सक्रिय परिचालन गर्न वीरगञ्ज महानगरपालिकालाई अनुरोध गरिएको छ।भिब्रिओ कोलेरा जीवाणु रोकथामका लागि सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल, पेसागत सङ्घसंस्था, रेडक्रस, गैरसरकारी संस्थालगायतको सहकार्यमा आवश्यक सामग्रीको व्यवस्था गरी जागरण अभियानसमेत सञ्चालन गरिने जनाइएको छ।

## प्राथमिक उपचार

*उद्देश्य:*

- जीवन बचाउनु,
- दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
- अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु,
- चोट वा घाउको अवस्था बिग्रन नदिनु।

*कस्तो अवस्थामा के गर्ने:*

- सफा कपडाले रगत बग्नबाट रोक्ने,
- पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
- अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
- हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,

प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज,

नेपाल सरकार
विज्ञापन बोर्ड

## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# गौर काण्ड र राजनीतिक प्रतिशोधको छाया

गौर काण्डको विषय फेरि तातिएको छ। सर्वोच्च अदालतले यसबारे छानबिन गर्न परमादेश जारी गरेलगत्तै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवविरुद्ध योजनाबद्ध रूपमा फसाउने प्रयास भइरहेको आरोपसहित देशभर विरोध प्रदर्शन सुरु भएको छ। चार दिनयता मधेश मात्र होइन, राजधानी काठमाडौंदेखि तराईका विभिन्न जिल्लासम्म जसपाका कार्यकर्ताले सडक तताएका छन्।

यस आन्दोलनले दुईवटा स्पष्ट सन्देश दिएको छ–पहिलो, मधेशका राजनीतिक मुद्दा अझै संवेदनशील छन् र केन्द्र-मधेशबीचको अविश्वास मेटिएको छैन। दोस्रो, न्यायिक प्रक्रियामा राजनीतिक प्रभाव वा प्रतिशोधको आभास भएमा आन्दोलन अनियन्त्रित बन्न सक्छ।

जसपाका नेताहरूको भनाइमा गौर काण्डको निहुँ बनाई अध्यक्ष यादवलाई कमजोर पार्ने षड्यन्त्र भइरहेको छ। भूमि विधेयकमा देखाएको कडा अडानकै कारण उनी निशानामा परेको दाबी गर्दै नेताहरूले यो केवल उपेन्द्र यादवको मुद्दा नभई मधेशको सम्मान र अस्तित्वको प्रश्न हो भन्ने चेतावनी दिएका छन्। जनकपुर, वीरगंज, सिरहा, सप्तरीदेखि काठमाडौंसम्म महिलादेखि युवासम्मको सहभागिता देखिनु यस आन्दोलनलाई केवल दलगत भन्दा पनि क्षेत्रीय-सांस्कृतिक अस्मितासँग जोडिएको विषय बनाउँछ।

तर अर्कोतर्फ सरकार नजिकका धारणा भने फरक छन्। उनीहरूका अनुसार सर्वोच्च अदालतको आदेशपछि न्यायिक प्रक्रियामा अगाडि बढ्नु अस्वाभाविक होइन। प्रश्न उठ्ने ठाउँ भने यहीँ हो–न्यायिक छानबिन निस्पक्ष र स्वतन्त्र देखिन्छ कि छैन? यदि छानबिन निष्पक्ष देखिएन भने, राजनीतिक प्रतिशोधको शंका बलियो बन्छ र आन्दोलन अझै व्यापक बन्ने सम्भावना रहन्छ।

गौर काण्ड कुनै सामान्य घटना थिएन। त्यहाँ भएको हिंसाले देशलाई गहिरो घाउ दिएको थियो। त्यसको सत्य तथ्य प्रष्ट हुनु लोकतन्त्रको हितमै हो। तर सत्य पत्ता लगाउने नाममा कुनै व्यक्तिलाई लक्षित गरेर न्यायलाई राजनीतिक अस्त्र बनाइयो भने त्यो न्याय होइन, प्रतिशोध हुन्छ। यसले केवल उपेन्द्र यादवलाई होइन, समग्र मधेशी समुदायलाई उपेक्षित बनाएको अनुभूति दिलाउनेछ।

राजधानीमा भइरहेको विरोधले पनि देखाउँछ, यो केवल मधेशको मुद्दा मात्र नभई राष्ट्रिय राजनीतिक प्रश्न बन्दै गएको छ। राजनीतिक असन्तुलन बढ्ने संकेत देखिएको अवस्थामा सरकार र न्यायालय दुवै संयमित र जिम्मेवार हुन आवश्यक छ। छानबिन निष्पक्ष, पारदर्शी र तथ्यमा आधारित हुनुपर्छ। जसले दोषीलाई सजाय दिलाओस् र निर्दोषलाई निर्दोष सावित गरोस्।

नेपालको लोकतन्त्रले संघीयता, समावेशिता र समानताको बाटो समातेको दशक नाघिसकेको छ। तर मधेशका आन्दोलन, असन्तोष र बारम्बार उठ्ने अस्मिताका प्रश्नहरूले अझै पनि राज्य र मधेशबीचको दूरी कम भएको छैन भन्ने संकेत दिन्छन्। यदि हरेक राजनीतिक विवादलाई 'प्रतिशोध' वा 'षड्यन्त्र'को चश्माले हेर्ने परम्परा बढ्दै गयो भने, हाम्रो लोकतान्त्रिक यात्रा अस्थिरताबाट मुक्त हुन सक्दैन।

यसकारण, गौर काण्डप्रति न्यायालयले गरेका कदमलाई सरकार वा दलहरूले आफ्नो राजनीतिक स्वार्थअनुसार प्रयोग नगरी निष्पक्ष छानबिनमार्फत सत्य बाहिर ल्याउनु आजको आवश्यकता हो। त्यतिमात्रले आन्दोलनको तातोपन शान्त हुन सक्छ र मधेश-केन्द्रबीच विश्वास जगाउन सक्छ।

# म बाबा र मेरो बुवा



डा. किशोर सापकोटा

जन्मँदै नजन्मिएको छोरा छोरीको सपना पहिले नै देख्ने, नदेखेन्जेल माया नलाग्ने, जन्मन्छ, देखिन्छ, हर्षका आँशुसहित अंकमाल गर्ने, चुम्बन गर्ने, मन मनै अथाहा माया गरेर आँखाभरी आशु पारी माया गर्ने, बुवाका विभिन्न स्वरुप हुन्छन्, समाज, परिवार, हुर्काई र वातावरणले फरक फरक समाजका फरक फरक बाबुको माया गर्ने तरिका । जे होस् बच्चाको जन्मपश्चात शुरु भयो मायाजालको खेल । त्याग, बलिदान, सपना, माया, प्रेम, स्पर्श कुनै शब्दमा बयान गर्न नसकिने बुवा आमा र सन्तान प्रतिको गहिरो सम्बन्ध ।

परिवर्तित समाजको भड्किलो स्वरुप र यहि भड्किलो समाजमा संस्कारविहीन हुँदै गएका छोरा छोरी, कमजोर हुँदै गएका परिवार, पारिवारिक कसीमा बलियो संस्कार बनाउँदै अथाहा माया दिने बुवाहरू, आफ्नै छोरी बलात्कार गर्ने नरपिचास बुवाहरू, अर्काको कलिला सन्तानलाई निमोठ्ने अर्काकै बाउहरू, सन्तान जन्माएर छाडिदिने औचित्यहीन बाबुहरू, फरक फरक व्यथा, फरक फरक कथा, सबैका बुवा, सबैका परिवार अनि फरक मायाको परिभाषा । समाजमा कुन छोरा छोरी कस्तो संस्कारमा हुर्किएको छ, सोही अनुसार नै सम्बन्ध स्थापित भएको हुन्छ, बाबु आमाको छोरा छोरी प्रति र छोरा छोरीको बाबु आमाप्रति ।

छोरा छोरी सँग सँगै बस्ने पाउने बुवा आमा र सँगै बस्न नपाउने बुवा आमा विचको सम्वन्ध फरक फरक हुन्छ । बिहान बुवा, दिउँसो बुवा, बेलुका बुवा, अनि १ वर्ष पछि देखेको बुवा, ५ वर्ष पछि भेटेको बुवाबीचको सम्बन्धको तुलाना एकै त कहाँ हुन्छ र । सँगै भएको छोरा एकछिन बुवाको छेउमा बस्न सक्दैन भने त्यसको व्याख्या अलग होला । हिन्दू विधिशास्त्रको श्रोतहरूमध्येको एक महत्त्वपूर्ण श्रोत गरुडपुराण-अध्याय:८९ मा एउटा श्लोक छ जसमा 'पितृन्नमस्ये निवसन्ति साक्षाद्ये देवलोकेऽथ महीतले वा ।, तथान्तरिक्षे च सुरारिपूज्यास्ते वै प्रतीच्छन्तु मयोपनीतम् । अर्थात् मेरो पहिलो देवता त मेरा बुवा नै हुनुहुन्छ त्यसैले सबैभन्दा पहिले म मेरा बुवाकै पाउ पर्छु । म आफ्ना बुवालाई सशरीर रूपमा उपस्थित देवता मान्छु । बुवा त्याग र प्रेमका प्रतिमूर्ति हुनुहुन्छ । व्यवहारिक कुराहरूलाई व्यवस्थापन गर्दै यो कुरा पालना गर्ने संसारका छोराहरू महान हुन् ।

बिग्रँदै गएको बुवाआमाको स्वास्थ्यको पहिलो योग्यता विनाको अघोषित डाक्टर छोरा छोरी नै हुन्छ । मिठो बोलीमा एन्टिबायोटिक भन्दा कडा औषधि हुन्छ, छोरा छोरीको बुवा आमालाई गरेको स्पर्शमा अस्पतालको कयौं दिनको थेरापीभन्दा कडा औषधी हुन्छ, बुढ्यौलीले सताएर मधुरा आँखाले नदेख्दा नदेख्दै आफ्नो छोरा छोरी हो भनी चिन्ने आमा बुवालाई त झन..., जे होस् मृत्युको अन्तिम क्षणमा पुगेका बुवा आमाले आफूलाई अस्पतालको बेडमा पुऱ्याएर अन्त्येष्टिको लागि आर्यघाट लगून् भन्ने चाहँदैनन् धेरै बुवाहरू, आफ्नै छोरा छोरी र समाजको काखमा मर्न पाइयोस् भनेर कयौं पटक सलानी पानीका तारहरू छिनालेको आफ्नै आँखाले देखेको छु ।

आधुनिकतामा उन्मत्त भएर रमाइरहँदा बुवाका पसिना र समर्पणलाई भुलियो भने एकदिन त्यहि आधुनिकताले समाप्त पार्नेछ । सबैको बुवाले शब्दमा सबै कुरा भन्नुहुन्न तर मौनताले धेरै कुरा भनिरहेको हुन्छ । कति बुझ्ने भन्ने छोराछोरीमा भर पर्ने कुरा हो । चुपचाप बसेर गरेको बलिदानहरुमा, रातभरको चिन्तामा र जति थाके पनि गरेको निरन्तर मिहेनतमा प्रत्येक बुवाको आफ्नो सन्तान प्रतिको गहिराई लुकेको हुन्छ, जसलाई बुझ्नै कठिन छ, त्यही नै बुवाको माया हो । हरेक सफल छोराछोरीको पछाडी एक असाधारण बुवा हुन्छन् । बुवा बन्नु त सजिलो होला तर बुवा जस्तो बन्न समय, समर्पण, त्याग र प्रेम चाहिन्छ, त्यस्तो माया गर्ने कारणले एक साधारण बुवालाई नायक बनाउँछ, सुपर नायक बनाउँछ । एक सफल बुवाले जीवनलाई कसरी बाँच्ने भनेर सिकाइरहनु पर्दैन, बुवाले हिँडेका बाटो देख्न सक्ने र बुझ्न सक्ने छोराछोरी सफल बन्न सक्नछन् । बुवा एक मौन बलिदानको पर्याय, आवश्यकता पर्दा चुपचाप दिइएको साथ, बुवाको उपस्थिती र निश्चल समर्पणमा लेखिएको एउटा सुन्दर कथा नै समग्रमा बुवा हो ।

बुवा आमाको कर्तव्य भनेको केवल सन्तानलाई जन्मदिनु मात्र होइन । एक बुवा अनेकौ भूमिकामा देखिनु पर्ने हुन्छ । सन्तान सुखको लागि गरिएका त्याग र बलिदानीमा बुवाले सुरक्षक, शिक्षक, साथी, मार्गदर्शक, र कहिलेकाहीं अनुशासन दिने व्यक्तिको रूपमा भूमिका खेल्ने गर्दछन् । यी सबै भूमिका निभाउँदै गर्दा उनीहरूले आफ्नो व्यक्तिगत भावना र सामाजिक जिम्मेवारीहरूबीच सन्तुलन कायम गर्ने प्रयास गर्दछन् । समाज र संस्कृतिले पनि बुवाप्रति फरक-फरक अपेक्षा राख्ने भएकाले पितृत्वको जिम्मेवारी अझ चुनौतीपूर्ण हुन्छ । साथै, आधुनिक जीवनका व्यस्तता, डिजिटल युगका प्रभावहरू, र बदलिँदो सामाजिक संरचनाले बुवाहरूलाई नयाँ तरिकाले सोच्न र व्यवहार गर्न बाध्य बनाएको छ । छोराछोरीको बुझाई र आफ्नो पुरातनवादी सोचलाई तिलाञ्जली लिई आधुनिकतामा रमाउन धेरै बुवाहरुलाई गाह्रो परिरहेको हुन्छ । त्यहाँ पनि बुवाहरूले समर्पण नै गरेका हुन्छन् । तर उत्ताउलो आधुनिकताको नाममा आफ्नै बुवालाई सामाजिक समाजमा लज्जास्पद बनाउने काम कुनै पनि छोरा छोरीले नगरुन् । बुवाको मायालाई बुझ्न सक्नु नै सबै भन्दा ठूलो महानता हो । बुवाको माया र साथले सन्तानको जीवनमा स्थिरता, आत्मविश्वास, र जिम्मेवारीको भावना विकास गराउछ । धैर्य, मिहिनेत, इमान्दारी, र प्रेमजस्ता मूल्यहरू जसले व्यक्ति र समाज दुवैलाई समृद्ध बनाउँछन् भन्न ज्ञान बुवाबाट प्राप्त हुने कुरा हो ।

बुवाको दिवस केवल उत्सव होइन, त्यो बुवाले गरेको समर्पण र भूमिकाको सम्मान हो जुन कहिले देखिदैन र कुनै प्रतिस्थापन गर्न सकिदैन । छोराछोरीको लागि आफ्ने शरिर समर्पण गर्ने बुवाहरु पनि देखेको छु । संसारमा जहाँ भावना शब्दबाट व्यक्त गरिन्छ, त्यहाँ बुवाहरुको माया कामबाट देखिन्छ । एकदिनको उपहारले बुवाहरूको मन कति भरिन्छ त्यो एकिन गर्न सकिने विषय होइन, तर कण कणबाट गरेको प्रेम र माया अनि सेवाका प्रत्येक हातहरूले बुवा आमाको मन भरिन्छ । व्यक्ति अनुसार बुझाई त फरक फरक हुन्छ तर परम्परा अनुसार कुशे औंशीका दिनलाई आफ्नो बुवाको मुख हेर्ने दिन मात्र होइन बुवाको मुहारमा खुशी छ या छैन ? बुवालाई के दु:ख परेको छ ? किन ल्याउन सकिएन भनेर चिन्तन गर्ने र आजीवन बुवाको अनुहारमा खुशी छर्ने प्रतिबद्धता जनाउने दिन हो । जुन कुरा संसारलाई देखाएर होइन, बुवाले अनुभूती गर्नेगरी गर्न सकेमा त्यो नै साधारण बुवालाई असाधारण माया हुनेछ ।

कतिपय समाजमा बुवाआमा पनि आफ्ना सन्तानका लागि उल्झन, बाधक र समस्या बनिरहेको पेशागत रुपमा काम गरिरहँदा आएका विभिन्न घटना परिघटनाले देखाउँछ । बुवा आमा भन्ने शब्द नै अति प्यारो शब्द हो, बुवाआमाको घमण्डका कारण छोराछोरीले आफ्नो अधिकारले प्राप्त गर्ने बाबु आमाको माया गुमाएका हुन्छन । व्यक्तिकेन्द्रित लेख नभएकोले त्यस्ता सांकेतिक घटनाहरूको उल्लेख गरेको छैन, तर जुनछोरा छोरीको प्रगतिको लागि बुवा आमाले भविष्यको बाटो कोर्ने बेलामा भएका बाटोको गेट बन्द गरिदिने बुवा आमाहरू देख्दा, कस्तो संस्कारमा आफ्नै छोरा छोरी हुर्काएको रहेछन् भन्ने लाग्छ र न्यायको लागि अडिरहँदा आफ्नै आमाबुवाबाट स्वत: पाउने माया, सम्मान र सम्पत्ति पनि अदालतको ढोकाबाट लिनुपर्ने बाध्यता आजको समाजमा नभएको पनि होइन ।

हाम्रो नेपाली समाजमा आफ्नो केही अपवादबाहेक आमा बुवाको चित्त दुखाउनेहरू आजसम्म न त धनी हुन सकेका छन् न त सुखी नै हुन सकेका छन् । आफ्ना आमा बुवाप्रति उदार र नि:स्वार्थ बनेकाहरूले प्रगतिको शिखर चुमिरहेका हुन्छन् । वास्तावमा आमा बुवा र छोरा छोरीको गहिरो सम्बन्ध हुन्छ भन्ने कुरा कुनै शंका छैन, छोराछोरी रुँदा आमा बुवा हाँस्ने क्षण भनेको जन्मिएको बेला मात्र हो, त्यसपछि छोरा छोरी रुँदा बुवा आमा कहिले हाँस्न सक्दैन् । त्यसकारण आमाबुवा सन्तानको भार होइन, भाग्य हो । जुनकुरा सँग हुँदा थाहा नहुन सक्छ, सदाको लागि छाडेर गएर पछि त्यसको आवश्यकता र औचित्यता अत्यधिक बढेर आउँछ त्यसको मूल्य र अर्थ हुँदैन । हातको हिरा हातमा हुँदा मूल्य हुन्छ, भुइँमा झरेपछी होइन ।

आमा बुवा म सँग बस्नु हुन्छ, आमा बुवालाई मैले पालेको छु भन्ने छोराछोरी र आमा बुवासँग मैले बस्न पाएको छु भन्ने छोराछोरीहरूको महानतामा धेरै फरक छ । कतिपय छोराछोरीले आफ्नै बुवा आमालाई राम्रो व्यवहार गर्न नजानेको कारण समेत सम्बन्धमा तिक्तता आएको देखिन्छ । ठूलो स्वरमा आमा बुवालाई सम्झाउनु पर्दैन, हामीले बोल्नै नसकेको बेलामा पनि हाम्रो कुरा बुझ्ने भनेकै बुवा आमा हो । त्यसैले समाजमा सबैका बुवाआमालाई आफ्ना सन्तान उत्कृष्ट लागून् अनि सबै छोराछोरीलाई आफ्नो आमा बुवा महान लागून् । सबैका बुवाहरूले आफ्नो छोराछोरीको साथ पाउन् । प्रगति देख्न पाउन र प्रगतिमा रमाउन पाउन् । मृत्यू पश्चात् अत्यधिक शोक गरेर बुवालाई स्मरण गरेर कति प्रापत होला, पितृ कति खुसी होलान् त्यो त भन्न सकिँदैन, तर जिउँदोमा गरेको प्रेमले सदासर्वदा स्वर्गलोकमा बुवालाई खुसी मिल्ने चाहिँ पक्का छ । कवि शिरोमणि लेखनाथ पौड्यालको एउटा कविताको अंश "पाली पोसी ठूलो पारी सत्कर्म तिर लाउन । कति कष्ट पऱ्यो होला पितालाई तिम भन ।" मात्र बुझ्यो भने जीवन अर्थपूर्ण हुन्छ ।

मानिसको जीवन भनेकै एक पानी घट्ट जस्तो हो, घट्ट घुमिरहन्छ, जिवन चलिरहन्छ, घट्टमाथि सोलीसँग जोडिएको काठको चरा मानिसको मुटुजस्तै हो, जति चल्छ, त्यति मकैका गेडा झरिरहन्छन्, मकैका गेडा हाम्रो आयू हो, जन्मँदा निश्चित समय लिएर जन्मिएको हुन्छ, कसैको अलि बढी अनि कसैको ज्यादै कम, घट्ट घुमिरहन्छ, जीवन चलिरहन्छ, निरन्तर, आज एक दिन सकिनु उमेर घट्नु नै हो । जसले यस पृथ्वीमा जन्म गरायो उ नै साक्षत देवता हो । बरु आफू बाबु आमा बन्ने अवसर नमिल्न पनि सक्छ, तर बुवा आमासबैको भाग्यमा हुन्छ । जन्मिसकेपछि मान्छेको निश्चित आयू छ । जति मन लाग्यो त्यति बाँच्न सक्दैनँ त्यही भएर मान्छे बाँचुन्जेल सत्कर्म गर्नुपर्छ । हरेक व्यक्ति बच्चा, तन्नेरी, युवा र बुढो हुँदै उसको जीवनलीला समाप्त हुन्छ । बुवा भन्नु र बुवा बन्नु धेरै फरक कुरा हो । बाबु आमाको माया छोरा छोरी माथि, छोरा छोरीको माया उसकै छोरा छोरी माथी यहि भएर माया तलतिर बग्ने पानी जस्तै हो, माथि फर्कँदैन, यसैले सेवा नै माया हो, सेवाबाट माया देखिन्छ । माया भन्ने चिज गरेर मात्र हुदैन, गरेको देखिनु पनि पर्छ । मन भित्र अथाहा माया भएको तर सेवा नगर्ने छोराछोरी र मायाको परिभाष नै नबुझि सेवालाई मायाको रुपमा बुझ्ने छोराछोरीमा सेवा गर्ने छोराछोरी नै महान् हुन् । जीवन जिउनु र जीवन बाँच्नुमा फरक छ, आमाबुवाका अनुहारमा भएको खुसी कुनै मूल्यमा तुलना हुँदैन, खुसी भन्ने शब्द नै लाखौं विलासी जीवन भन्दा माथि हुन्छ, यसकारण सबै छोराछोरीलाई आफ्नो बुवाको मुखमा खुसी भएको देख्न अवसर मिलोस् कुशे औंशीको सबैलाई शुभकामना ।

*(डा. सापकोटा अधिवक्ता तथा नेपाल ल क्याम्पसको उप-प्राध्यापक हुन्)*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कुसेऔँसीको महत्त्व र ‘डिजिटल पितृभक्ति’



*भरतमणि ज्ञवाली*

आज कुसेऔँसी। यो औँसी ज्योतिष र अध्यात्म दुवै दृष्टिले विशेष महत्त्व राख्ने तिथि हो। यस दिन चन्द्रमा सूर्यको नजिक हुँदा अन्धकारमय देखिए पनि यसको आध्यात्मिक ऊर्जा गहन मानिन्छ। भाद्र कृष्ण औँसीलाई विशेषतः ‘कुसेऔँसी’ वा ‘पितृऔँसी’ भनिन्छ, जुन पितृ-तर्पण, श्राद्ध र पिताको सम्मानका लागि समर्पित छ।

यस दिनलाई विशेष गरी बुबाको सम्मान र पितृ ऋण चुक्ता गर्ने दिनका रूपमा लिइन्छ। शास्त्रीय मान्यता र वैदिक परम्परामा यस दिनको ठुलो महत्त्व छ, जसले हाम्रा पितृप्रति कृतज्ञता र सम्मान प्रकट गर्ने अनुपम अवसर प्रदान गर्छ। आजको डिजिटल युगमा यस पर्वको वास्तविक मर्म कतै हराउँदै गएको त छैन ?

वैदिक परम्परामा पितृऋणलाई तीन ऋणमध्ये एक महत्त्वपूर्ण ऋण मानिन्छ (देवऋण, ऋषिऋण र पितृऋण)। यस ऋणबाट मुक्ति पाउनका लागि पितृहरूको सम्मान, तर्पण र श्राद्ध गर्नु अनिवार्य मानिन्छ। यस दिन कुश काटेर शुद्धीकरण गरिन्छ र वर्षभरि गरिने धार्मिक कार्यका लागि आवश्यक कुश संकलन गरिन्छ। नेपालका सन्दर्भमा यो दिन गोकर्णेश्वर महादेवको महिमादेखि रावणको जन्म साधना र वरदानसँग जोडिएको छ।

काठमाडौँ उपत्यकामा अवस्थित गोकर्णेश्वर मन्दिर क्षेत्र, पौराणिक र धार्मिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ। हिमवत्खण्डको ८५औँ अध्यायले यस क्षेत्रको महिमालाई अझ विस्तृत रूपमा व्याख्या गरेको छ। जहाँ गोकर्णेश्वरको महत्त्व, लंकाधिपति रावणको जन्म तथा उसको तपस्या र वरदानका रोचक प्रसङ्ग उल्लेख छन्।

शास्त्रका अनुसार गोकर्णेश्वर महादेवको मन्दिरमा पूजाअर्चना गर्नाले भक्तजनले मनवाञ्छित फल प्राप्त गर्नुका साथै पितृलाई पनि उद्धार गर्न सक्छन्। यस दिन गरिने श्राद्ध र पूजाको फल पितृका लागि अक्षय हुन्छ, जसले गर्दा उनीहरूले स्वर्गमा वास पाउँछन् भन्ने पौराणिक कथन छ।

यस क्षेत्रको प्राचीनता र पवित्रतालाई लंकापति रावणको जीवनसँग जोडिएको कथाले अझ रोचक बनाएको छ। पौराणिक कथा अनुसार, महर्षि पुलस्त्यका नाति तथा महर्षि विश्रवाका पुत्र रावणको जन्म बागमती र मनोहराको सङ्गम नजिकै भएको मानिन्छ। बाल्यकालदेखि नै अत्यन्त बलवान् र तेजस्वी रावणले अजेय शक्ति प्राप्तिका लागि यही क्षेत्रमा घोर तपस्या गरेको वर्णन छ। रावणको जीवनको प्रारम्भिक र महत्त्वपूर्ण चरण यही पुण्यभूमिमा जोडिएको इतिहासले गोकर्णेश्वरको महिमालाई अझ उँचो बनाएको छ।

गोकर्णेश्वर आउनु र पितृकार्य गर्नु अत्यन्तै उपयोगी हो तर सम्भव नहुनेहरूले पनि नुवाकोटको बेत्रावती र त्रिशूली, कालीगण्डकी र त्रिशूली नदीको सङ्गमस्थल देवघाट, रुरु क्षेत्रको रिडी, बराह लगायत क्षेत्रमा पनि पितृहरूको मोक्षका लागि श्राद्ध र तर्पण गर्ने परम्परा छ। अमावस्यामै पितृकार्य फलदायी हुनुमा मत्स्य पुराणमा उल्लेख भएको सन्दर्भ उल्लेखनीय छ।

जसमा चन्द्रमाको १६ कला र अमृतपानको रोचक प्रसङ्ग छ। १६ कलामध्ये १५ कला देवगणहरूले विभिन्न तिथिमा अमृतका रूपमा पान गर्छन्। देवगणले चन्द्रमाको अमृत पान गरेपछि औँसीका दिन पितृले अमृतपान गर्छन्। जसले गर्दा उनीहरूलाई तृप्ति प्राप्त हुन्छ र पितृको आत्मालाई शान्ति मिल्छ। यही कारणले गर्दा औँसीतिथि पितृ कार्यका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यस दिन गरिने श्राद्ध, तर्पण र दानले पितृलाई सीधा ऊर्जा प्रदान गर्ने र उनीहरूलाई मोक्ष प्राप्त गर्न सहयोग पुग्ने शास्त्रीय मान्यता छ।

*कुसेऔँसी वा पितृऔँसी पिताको सम्मान र पितृ ऋण चुक्ता गर्ने विशेष दिन हो। यस दिन श्राद्ध, तर्पण र पितृकार्यद्वारा पूर्वजलाई सम्झिन्छ। नेपालमा गोकर्णेश्वर महादेव मन्दिर यस पर्वको मुख्य तीर्थ हो। मत्स्य पुराण अनुसार औँसीका दिन पितृले अमृतपान गर्ने भएकाले यस दिनको श्राद्ध अक्षय फलदायी मानिन्छ। तर आज यसको मर्म सामाजिक सञ्जालमा ‘डिजिटल पितृभक्ति’मा सीमित हुँदै गएको छ। वास्तविक श्रद्धा भनेको बाबुको शिक्षा, संस्कार र त्यागलाई आत्मसात् गर्दै उहाँलाई व्यवहारमै सम्मान र स्नेह दिनु हो। यही कुसेऔँसीको साँचो अर्थ हो।*

ज्योतिषशास्त्र अनुसार कुण्डलीमा सूर्य ग्रहलाई पिताको कारक मानिन्छ। सूर्य कमजोर छ वा पितृ दोष छ भने व्यक्तिको जीवनमा सङ्घर्ष र बाधा आउने विश्वास गरिन्छ। कुसेऔँसीमा पितृको सम्मान गर्दा र श्राद्ध कर्म गर्दा सूर्य बलियो हुने र पितृदोष निवारण हुने ज्योतिषीय मान्यता छ। यसैगरी वास्तुशास्त्र अनुसार घरको नैऋत्य कोण (दक्षिण-पश्चिम) पितृहरूको स्थान मानिन्छ। यस कोणलाई स्वच्छ र पवित्र राख्नाले घरमा सकारात्मक ऊर्जा प्रवाह हुन्छ र पितृहरूको आशीष प्राप्त हुने विश्वास गरिन्छ। कुसेऔँसीका दिन पितृहरूको पूजा-आराधनाले घरको वास्तुदोष कम भई शुभ फल प्राप्त हुने मान्यता छ।

पछिल्लो समय कुसेऔँसीको वास्तविक मर्म कतै हराउँदै गइरहेको त छैन भन्ने प्रश्न टड्कारो रूपमा उठेको छ। सामाजिक सञ्जालको उदयसँगै ‘बुवाको मुख हेर्ने दिन’ले एउटा नयाँ रूप लिएको छ– ‘डिजिटल पितृभक्ति’। यस दिन फेसबुक, इन्स्टाग्राम, टिकटक लगायत प्लेटफर्ममा बाबुको तस्बिर र उनको प्रशंसामा लामा-लामा क्याप्सनका बाढी आउँछन्। कतिपयले जीवित पिताको तस्बिर राखेर आफूलाई ‘सर्वोत्कृष्ट सन्तान’ देखाउन खोज्छन् भने कतिपयले दिवङ्गत पिताको तस्बिर राखेर ‘पितृभक्तिको नाटक’ गर्छन्।

विडम्बना यो छ कि सामाजिक सञ्जालमा ‘दुनियाँकै बेस्ट ड्याड’ लेख्ने धेरैले आफ्नो बाबुको जीवनकथाको कुनै अनुभव राखेका हुँदैनन्। पिताले उसलाई मानिस बनाउन, पढाउन र हुर्काउन गरेका हरेक त्याग, भोक, शोक र रोगको विषयमा उनीहरूलाई चासो हुने कुरै भएन। पिता एक्लै बस्दाको पीडा, उमेरले थला परेको शरीरको कष्ट, आर्थिक अभावका कारण परेको मानसिक तनावबारे उनीहरू बेखबर हुन्छन्।

वर्षको ३६४ दिन बाबुको वास्ता नगर्ने, उहाँलाई एक्लो पार्ने, उहाँका स-साना आवश्यकतामा समेत ध्यान नदिने र कतिपय अवस्थामा त यतिसम्म कि बाबुको सम्पत्ति हडप्न बाबुलाई नै मुद्दा हाल्नेले पनि आज बिहानै ‘बुवाको मुख हेरेको’ भनेर मुस्कुराउँदै तस्बिर पोस्ट्याउँछन्। यो केवल एउटा डिजिटल ढोँग हो। पितृ सम्मानको अर्थ उहाँको सम्पत्ति हडप्नु होइन, बरु उहाँको शिक्षा, संस्कार र त्यागलाई आत्मसात् गर्दै असल मानिस बन्नु हो। यसो गर्न सकेमा मात्र कुसेऔँसीको महत्त्व जीवित रहन्छ र हाम्रो परम्पराले पनि सच्चा अर्थ प्राप्त गर्छ।

(लेखक वास्तु विज्ञानका सञ्चालक तथा दक्षिण एसियाली ज्योतिष महासंघका महासचिव हुन्।

# भारतको सर्वोच्च अदालतले गर्‍यो सडक कुकुरकै पक्षमा फैसला

केही समयदेखि भारतमा सामुदायिक कुकुरहरूलाई लिएर बहस छेडिएको अवस्था छ। त्यहाँका राष्ट्रिय मिडियादेखि विधान सदस्यहरूसम्म यो बहस पुगेको छ।

तर एउटा जीवमाथिको बहसलाई ठूलो बनाउने हात अदालतले गरेको एउटा विवादास्पद आदेशमा गएर ठोकिन्छ।

गत ११ अगस्टमा भारतको सर्वोच्च अदालतले दिल्ली एनसीआर क्षेत्रका सबै सामुदायिक कुकुरहरूलाई सडकबाट हटाएर (डग सेल्टर) मा राख्ने आदेश दिएको थियो। कुकुरले टोक्ने र रेबिजका घटनाहरू बढ्दै गएको भन्दै अदालतले अधिकारीहरूलाई यो काम आठ हप्ताभित्र पूरा गर्न समयसीमा नै तोकिदिएको थियो।

सोही आदेशअनुसार प्रत्येक सेल्टरमा कम्तीमा ५ हजार कुकुरहरू राख्न सक्ने क्षमता हुनुपर्ने र त्यहाँ बन्ध्याकरण, खोप र सीसीटीभी क्यामेराको सुविधा हुनुपर्ने भनिएको थियो। सबैभन्दा महत्त्वपूर्ण कुरा समातिएका कुकुरहरूलाई फेरि सडकमा कहिल्यै नछाड्न पनि बताइएको थियो।

भारतीय सञ्चारमाध्यमहरूका अनुसार अदालत आफैंले यो आदेश जारी गरेको थियो। कुनै संस्था अथवा सरकार आफैंले अग्रसरता लिएर गरेको थिएन। र, आदेश कार्यान्वयन गर्न अदालतले दिल्ली सरकार, म्युनिसिपल कर्पोरेसन अफ दिल्ली, न्यू दिल्ली




म्युनिसिपल काउन्सिललाई निर्देशन दिएको थियो।

तर व्यावहारिक नलाग्ने र पशुको अधिकारमाथि प्रभाव पार्नेरु उक्त आदेशको तत्कालै विरोध हुन सुरु भयो। पशु प्रेमी र अधिकारकर्मीहरू त्यसमा अघि आएका थिए। राजनीतिक गर्नेहरूदेखि बलिउडका सेलिब्रेटीहरूसम्म आएका थिए।

भारतको प्रतिपक्षी नेता राहुल गान्धीले अदालतको सडकबाट कुकुर हटाउने निर्णयलाई क्रुर, अदूरदर्शी भनेका थिए। कर्नाटकका मुख्यमन्त्री सिद्धरामैयाले सामाजिक सञ्जाल एक्समा लेखेर सार्वजनिक रूपमै उक्त आदेशको विरोध गरेका थिए। उनले पनि सामुदायिक कुकुरलाई समस्या मानेर हटाउनु क्रूरता भएको बताएका थिए।

अभिनेता जोन अब्राहमले त प्रधानन्यायाधिशलाई पत्र लेखेर नै आदेश अमानवीय भएको बताएका थिए। यसबाहेक उक्त आदेश विरुद्ध इन्डिया गेट अगाडि पशु अधिकारकर्मी, उद्धारकर्मी, कुकुरप्रेमी र स्वयंसेवकहरूले प्रदर्शन समेत गरेका थिए। प्रहरीहरूसँग उनीहरूको सामान्य झडप नै परेको थियो। केही प्रकाउ समेत परेका थिए।

पशु अधिकार संगठनहरू र कुकुर प्रेमीहरूले १२ अगस्टमा आदेशमा रोक लगाउन अदालतमा निवेदन दर्ता गरे। जसलाई सुनुवाइ गर्दै अदालतले तीन जना न्यायाधीश (विक्रम नाथ, सन्दीप मेहता र एनभी अंजारिया) को विशेष इजलास पनि बनायो।

त्यसपछि १४ अगस्टमा उक्त इजलासले दुवै पक्ष (पशु अधिकारकर्मी र सरकार) को कुरा सुन्यो। तर त्यस दिन पछिल्लो आदेशमाथि कुनै पनि संशोधन गरेन। यता विरोध जारी नै थियो।

चौतर्फी विरोधका कारण अदालत आफ्नो आदेश सच्याउन तयार भयो। र, आज २२ अगस्टमा पछिल्लो आदेश ९११ अगस्ट० लाई संशोधन गर्दै नयाँ आदेश जारी गर्‍यो।

नयाँ आदेशअनुसार रेबिज सङ्क्रमित वा आक्रामक व्यवहार देखाउने कुकुरहरू बाहेक अन्य सबै सामुदायिक कुकुरहरूलाई बन्ध्याकरण र खोप लगाएपछि सोही क्षेत्रमा फर्काएर छोड्नु पर्ने छ। त्यस्तै अब कुकुरलाई सार्वजनिक स्थलमा खाना खुवाउन अनुमति दिइने छैन। तर खाना खुवाउन छुट्टै ठाउँ तोकिने व्यवस्था गरिएको छ। त्यस्ता ठाउँ सबै वडामा अनिवार्य बनाउनु पर्ने छ।

यो सम्पूर्ण घटनाक्रमले सामुदायिक कुकुरको समस्या केवल जनावरको अधिकारसँग मात्र नजोडिएर मानव सुरक्षा, सार्वजनिक व्यवस्था र कानुनी जटिलताहरूसँग पनि जोडिएको देखाएको छ। तर, समग्रमा पशु र मानिसको सह-अस्तित्वबारे गतिलो नयाँ बहसको सुरुवात गरेको छ।

# नेतृत्वका लागि कार्यसम्पादन आवश्यक, नेकपा एमाले नेता लिलानाथ श्रेष्ठ

दैनिक समाचारदाता
जनकपुरधाम, ७ भदौ । पेशागत महासंघ नेपाल मधेश प्रदेश समितिले आयोजना गरेको संगठन सुदृढिकरण तथा सुशासन सम्वन्धि अन्तरकिया कार्यकम आज जनकपुरधाममा सम्पन्न भएको छ ।

कार्यकममा नेकपा एमालेका मधेश प्रदेश इन्चार्ज एवम् पूर्वमंत्री लिलानाथ श्रेष्ठले कुनैपनि उच्चस्थान तथा पदको नेतृत्वगर्नका लागि कार्य सम्पादन नै पहिलो आधार भएको वताउनुभएको छ ।

उहाँले वदँलिदो समयमा जनताले पद वा हैसियतको अधारमा नभई सेवाभाव , नैतिकता र कार्यसम्पादनको आधारमा नेतृत्वको मुल्याकंनगर्ने स्पष्ट पार्नभयो ।

नेकपा एमालेका पोलिटव्यरो सदस्य रामेश्वर फुयालले विगत ३५ वर्षमा नेपालको आर्थिक , सामाजिक तथा भौतिक लगायत विभिन्न क्षेत्रमा धेरै विकास तथा प्रगति भएकाले त्यस विषयलाई आफनो पार्टीका नेता तथा कार्यकर्ताहरुले जनतालाई घरदैलोमा पुगेर जानकारी गराउँनुपर्ने आग्रह गर्नुभयो ।



३५ वर्ष अगाडि देशमा १० हजार किलेमीटर पक्की सडक निमार्ण भएको थियो भने अहिले आएर एक लाख १० हजार किमी पक्कीसडक निमार्ण भएको उहाँले उल्लेखगर्दै देशको विकासमा सवै एक भएर लाग्नुपर्ने विचारव्यक्त गर्नुभयो ।

कार्यांकममा अधिकांश वक्ताहरुले निर्वाचित जनप्रतिनीधि र पेशागत महासंघ वीच जीवन्त सम्वन्ध कायम गर्नुपर्ने आवश्यक्ता रहेको वताउँनुभएको थियो । अन्तरक्रियामा पेशागत महासंघ नेपाल मधेश प्रदेशका अध्यक्ष विमला थापा ,सचिव अजयकुमार राय सहित पुन्यप्रसाद ढकाल , चन्देश्वर मण्डल , भोलानाय पोखरेल , हरि श्रेष्ठ , केदारप्रसाद देपकोटा , रामदेवलाल दासले लोकतन्त्रको अवस्था तथा समस्या वारे आा-आफनो धारण राख्नुभएको थियो । यसैगरी सो कार्यकममा मधेश प्रदेशका विभिन्न जिल्लावाट आएका संगठनका पदाधिकारी , राजनीतिक दलका प्रतिनीधि तथा सरोकारवालाहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

सहभागिहरुले अन्तरक्रियालाई संगठनभित्र विचार आदनप्रदान र अनुभव साभ्fदारी तथा भविष्यका योजनाहरु तयगर्न उपयोगी भएको विचारव्यक्त गर्नुभयो ।

# कोशराज रेग्मी पत्रकारिता पुरस्कार कोइरालालाई



दैनिक समाचारदाता
मोरङ,७ भदौ । कोशराज रेग्मी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार, २०८२ नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष तीर्थ कोइरालालाई प्रदान गरिएको छ ।

पिताम्वर-खिलेश्वरी स्मृति प्रतिष्ठान र नेपाल पत्रकार महासङ्घ मोरङले आज यहाँ आयोजना गरेको कार्यक्रममा कोशी प्रदेशसभाका सभामुख अम्बरबहादुर विष्टले रु २५ हजारसहित कोइरालालाई सम्मान गर्नुभयो । त्यस अवसरमा सभामुख विष्टले कोशी प्रदेश सरकारले ल्याउन लागेको प्रदेश सञ्चार प्रतिष्ठान विधेयक पत्रकारहरुको हितका लागि भएको बताउनुभयो ।

यसअघि उक्त पुरस्कार महासङ्घका पूर्वअध्यक्षहरु हरिहर विरही, विष्णु निष्ठुरी र धर्मेन्द्र झाले प्राप्त गर्नु गर्नुभएको थियो ।

# एक लाख ६०हजारभन्दा बढीको स्वास्थ्य उपचार

दैनिक समाचारदाता
गौर, ७ भदौ । प्रादेशिक अस्पताल गौरले गत आर्थिक वर्षमा एक लाख ६० हजारभन्दा बढी बिरामीलाई स्वास्थ्य उपचार सेवा प्रदान गरेका छन् ।

आर्थिक वर्ष ०८१/०८२ मा प्रादेशि अस्पताल गौरले स्वास्थ्यसम्बन्धी बिरामीलाई २३ प्रकारको स्वास्थ्य सेवाअन्तर्गत एक लाख ६० हजार ८६२ जना बिरामीलाई सेवा प्रदान गरेको हो ।अस्पतालले इमरजेन्सी सेवाअन्तर्गत २२ हजार एक सय १९, बहिरङ (ओपिडी) सेवा ४४ हजार नौ सय १० जना, लेबोरेट्री सेवा, २५ हजार ६ सय २४, फार्मेसी सेवा २६ हजार सात सय सात जना बिरामीलाई सेवा उपलब्ध गराइएको प्रादेशिक अस्पताल गौरका नि.मेडिकल सुपरिडेन्ट डा. मुरारी ठाकुरले बताउनुभयो ।

यस्तै एक्सरे १४ हजार ६ सय २० जना बिरामीलाई, प्रसुति सेवा चार हजार एक जना, अल्ट्रासाउन्ड सेवा चार हजार सात सय ७४ जनालगायत अन्य सेवाहरू गरी उक्त सङ्ख्यामा स्वास्थ्य प्रदान गरिएको नि.मेडिकल सुपरिडेन्ट डा. ठाकुरले जानकारी दिनुभयो ।

# नेपालको सहमतिबिना भूमि प्रयोग गर्न खोज्नु अनुचित : महासचिव पोखरेल

देउखुरी (दाङ), ७ भदौ । नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले नेपालको सहमतिबिना चीन र भारतले नेपाली भूमि प्रयोग गर्न खोज्नु अनुचित भएको बताउनुभएको छ ।

घोराहीमा प्रेस चौतारी नेपाल दाङले आज आयोजना गरेको पत्रकार सम्मेलनमा पोखरेलले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालकै भूमि भएको उल्लेख गर्दै सहमतिबिना प्रयोग गर्ने प्रयत्नलाई अस्वीकार्य हुने बताउनुभयो । उहाँ भन्नुभयो, "दुई छिमेकी राष्ट्रहरूले नेपालको भूमि प्रयोगका सन्दर्भमा नेपालकै सहमतिबिना लिम्पियाधुरा, लिपुलेक, कालापानी प्रयोग गर्न खोजेका छन् । नेपालले कूटनीतिक नियोगमार्फत असहमति जनाएको छ । नेपालको सहमति र सहभागिताबिना गरिने कुनै पनि समझदारी अनुचित हुन्छ । तथ्य र प्रमाणका आधारमा समस्या समाधान गर्न पहल गर्नुपर्छ ।"

सुगौली सन्धिको सीमानै वास्तविक सीमा भएको दाबी गर्दै उहाँले नेपालले राखेको अडान तथ्य र प्रमाणमा आधारित रहेको बताउनुभयो ।

सरकारको कार्यक्षमता र उपलब्धिबारे नेता पोखरेलले भन्नुभयो, "अघिल्लो अवस्था र अहिलेको अवस्थालाई तुलना गर्दा यो सरकार सफल देखिएको छ । राजस्व बढेको छ, खर्च गर्ने क्षमता मजबुत भएको छ, लगानीयोग्य वातावरण बनेको छ र निजी क्षेत्र उत्साहित छ ।"

यसैबीच, पोखरेलले एमालेको दोस्रो विधान महाधिवेशन यही भदौ २१, २२ र २३ गते हुने जानकारी दिनुभयो । महाधिवेशनमा राजनीतिक, सङ्गठनात्मक र विधान संशोधनसहित तीन वटा प्रस्तावमाथि छलफल हुने उहाँले बताउनुभयो । उहाँका अनुसार साढे छ लाख सदस्य छलफलमा सहभागी हुनेछन् ।

महासचिव पोखरेलले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टीको सक्रिय राजनीतिमा आउनु उचित नरहेको बताउनुभयो । "पूर्वराष्ट्रपतीजस्तो सम्मानित व्यक्तिलाई कुनै गतिविधि गर्न नदिएर घरभित्रै बन्धक बनाउनुहुँदैन । सामाजिक रूपमा सक्रिय हुन कुनै रोकतोक छैन," उहाँले भन्नुभयो, "सामाजिक जीवनका क्रियाकलापमा आउनै हुन्न भन्ने होइन, बन्धक नै बस्नुपर्छ भन्नै छैन ।" रासस

नेपाल पत्रकार महासंघ
धनुषा शाखा, जनकपुरधाम
स्मारिका प्रकाशन समिति

लेख आवेदनको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२ भदौ ८ गते

नेपाल पत्रकार महासंघ धनुषा शाखाले प्रकाशन गर्न लागेको स्मारिकाका लागि धनुषाको पत्रकारिता इतिहास, सुरुवात, वर्तमान अवस्था सहित मौलिक, तथ्यपरक लेखहरुको लागि आवेदन आव्हान गर्दछ । नयाँ पुस्तालाई पुस्तान्तरण गर्ने सन्दर्भमा नेपाली भाषाको लेखलाई प्राथमिकता दिइनेछ । धनुषालाई केन्द्रमा राखेर पत्रकारिता गर्ने इच्छुक पत्रकारहरुले सूचना प्रकाशित भएको मिति देखि १५ दिनभित्र आफ्नो लेखको लागि दुई सय शब्दको अवधारणा पत्रसहित तल दिएको इमेल वा कार्यालयमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- अवधारणाको आधारमा आवेदनबाट उत्कृष्ट २५ जनाको लेख/रचना स्मारिका समितिले छनौट गर्नेछ ।
- निर्धारित मापदण्ड भन्दा बाहिरको लेख समावेश गरिने छैन् ।
- लेख/रचना कम्तिमा २५०० शब्दको हुनुपर्नेछ ।
- लेख/रचना तथ्य, तथ्याङ्क, तर्क, विचार र शोध सामग्रीको आधारमा मौलिक हुनुपर्छ ।
- लेख/रचनाका साथ लेखकले तस्बिर, ईमेल र फोन नं. पठाउनुपर्नेछ ।
- स्मारिकामा प्रकाशित लेखको पारिश्रमिक उलपब्ध गराइने छ ।
- लेख/रचनाको अवधारणा १५ दिनभित्र fnjdhanushasmarika@gmail.com मा पठाउनु होला ।
- प्राप्त लेख/रचना छनोट गर्ने वा नगर्ने सम्पुर्ण अधिकार समितिमा निहित रहनेछ ।

स्मारिका प्रकाशन समिति



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, ७४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३७४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४